# न्याय प्रशासन ऐन, २०४८ द्वारा हातहतियार खरखजाना ऐन, २०१९ मा संशोधन

नेपाल सरकार
**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**
सिंहदरबार, काठमाडौं

# <u>न्याय प्रशासन ऐन, २०४८</u>

लालमोहर र प्रकाशन मिति
२०४८।२।१६

२०४८ सालको ऐन नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

न्याय प्रशासनमा समायानुकूल सुधार गर्न बनेको ऐन

प्रस्तावनाः नेपाल अधिराज्यको संविधान, २०४७ ले व्यवस्था गरे अनुरुप अदालतहरुको स्थापना र अधिकारक्षेत्र व्यवस्थित गर्न र न्याय छिटो, कम खर्चिलो र सुलभ बनाउन न्याय प्रशासनमा समयानुकूल सुधार गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२९ बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "न्याय प्रशासन ऐन, २०४८" रहेको छ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

......................................................................................

३३. खारेजी र संशोधनः (१) न्याय प्रशासन सुधार ऐन, २०३१ खारेज गरिएको छ ।

(२) अनुसूचीमा लेखिएका ऐनहरु सोही अनुसूचीमा लेखिए बमोजिम संशोधन गरिएका छन् ।

(३) प्रचलित कानूनमा प्रयोग भइरहेका "क्षेत्रीय अदालत" वा "अञ्चल अदालत" भन्ने शब्दहरुको सट्टा "पुनरावेदन अदालत" भन्ने शब्दहरु राखी संशोधन गरिएको छ ।

(४) प्रचलित कानूनमा प्रयोग भइरहेका "अञ्चल न्यायाधीश" वा "क्षेत्रीय न्यायाधीश" भन्ने शब्दहरुको सट्टा "पुनरावेदन अदालतको न्यायाधीश" भन्ने शब्दहरु राखी संशोधन गरिएको छ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय